# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मेलौली नगरपालिका
## बैतडी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मेलौली नगरपालिका

बैतडी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मेलौली नगरपालिका

## बैतडी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर, बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम, प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ११५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

मेलौली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बैतडी ।

१. **कैफियत सहितको राय** – हामीले मेलौली नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ११ लाख ९९ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा ४५ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरूजु असुल गर्नुपर्ने रू. २८ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड १७ लाख ८३ हजार, नियमित गर्नुपर्ने रू. ४५ लाख ८२ हजार र पेश्की बाँकी रू. १९ लाख समेत रू. ५ करोड ११ लाख ५४ हजार रहेको छ । मेलौली नगरपालिकाको गतवर्ष सम्म रू. १६ करोड ६२ लाख ८४ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.२१ करोड ७४ लाख ३८ हजार रहेको छ । मेलौली नगरपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मेलौली नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मेलौली नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

**(पशुपति कुमार काफ्ले)**
**नायब महालेखापरीक्षक**

# मेलौली नगरपालिका,

बैतडी, जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्र्योट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिए को | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | १६५ | ५११९९ | ० | १ | ४५ | ७४ | १६४ | ५११५४ | २८८९ | ४५८२ | ४१७८३ | ० | ० | ४६३६५ | १९०० |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्योट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | १६६२८४ | ० | ० | १६६२८४ | ० | ५११५४ | २१७४३८ |

## ३. बेरूजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १. | २०७९।८० (चालु वर्षको) | विभिन्न दफाहरू | | ४५४०० |
| | चालु वर्षको जम्मा | | | ४५४०० |
| | कुल जम्मा | | | ४५४०० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय-**

**(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ९ वडा, ११९.४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २२५४५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१३ देखि २०८०।०५।१५ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको प्राप्ति र भुक्तानीको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.४१०५१।-असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | वडा नं १ का वडा सचिव राज बहादुर चन्द नगदी रसिद भन्दा घटी दाखिला | १०३३ |
| ३ | वडा नं ३ का वडा सचिव अनिता चन्द नगदी रसिद भन्दा घटी दाखिला | ३७६९ |
| ४ | वडा नं ४ का वडा सचिव गौरी चन्द नगदी रसिद भन्दा घटी दाखिला | ८३८ |
| ५ | वडा नं ५ का वडा सचिव लोकराज जोशी नगदी रसिद भन्दा घटी दाखिला | ३७४१ |
| ६ | वडा नं ९ का वडा सचिव हिमाल सिँह भाट नगदी रसिद भन्दा घटी दाखिला | १५८१० |
| ७ | नगरपालिकातर्फको टिका सिंह बिष्ट | २०० |
| ८ | गौरी कुमारी चन्दको पारिश्रमिक कर | १५६६० |
| | जम्मा | ४१०५१ |

२ **प्राप्ति र भुक्तानी -** आर्थिक वर्ष २०७९।८० को म.ले.प.फा.नं. २७२ अनुसार पालिकाको प्राप्ति र भुक्तानीको विवरण देहाय अनुसार रहेको छ।

| विवरण | यस वर्ष रू. | | | | गत वर्षको रू. | |
|---|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ५३,८२,७८,३०७.३७ | ४८,०३,११,०४१.२० | | ४८,०३,११,०४१.२० | ४४,९७,७०,८९६.५३ | ४४,९७,७०,८९६.५३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५२,९२,०८,०००.०० | ४६,३४,०२,८७३.२० | ०.०० | ४६,३४,०२,८७३.२० | ४४,१३,१४,८६२.१८ | ४४,१३,१४,८६२.१८ |
| ११००० कर | ९,८१,५०,०००.०० | ७,७७,०८,६२५.१० | ०.०० | ७,७७,०८,६२५.१० | ७,८४,४१,६३६.९९ | ७,८४,४१,६३६.९९ |
| १३००० अनुदान | ४२,७४,२८,०००.०० | ३८,२०,४३,८७७.०८ | ०.०० | ३८,२०,४३,८७७.०८ | ३६,०७,६६,२१८.१९ | ३६,०७,६६,२१८.१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | ४०,५१,२७,०००.०० | ३६,३४,४४,९२८.०८ | ०.०० | ३६,३४,४४,९२८.०८ | ३४,६२,३०,३७६.९५ | ३४,६२,३०,३७६.९५ |
| प्रदेश सरकार | २,२३,०१,०००.०० | १,८५,९८,९४९.०० | ०.०० | १,८५,९८,९४९.०० | १,४५,३५,८४१.२४ | १,४५,३५,८४१.२४ |
| १४००० अन्य राजस्व | ३६,३०,०००.०० | ३६,५०,३७१.०२ | ०.०० | ३६,५०,३७१.०२ | २०,९७,००७.०० | २०,९७,००७.०० |
| १५००० विविध प्राप्ति | ०.०० | ०.०० | ०.०० | ०.०० | १०,०००.०० | १०,०००.०० |
| ख. अन्य प्राप्ति | ९०,७०,३०७.३७ | १,६९,०८,१६८.०० | | १,६९,०८,१६८.०० | ८४,५६,०३४.३५ | ८४,५६,०३४.३५ |
| वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरू | ९०,७०,३०७.३७ | १,३२,७१,५००.०० | ०.०० | १,३२,७१,५००.०० | ५०,९८,८१७.०३ | ५०,९८,८१७.०३ |
| धरौटी | ०.०० | ३६,३६,६६८.०० | ०.०० | ३६,३६,६६८.०० | ३३,५७,२१७.३२ | ३३,५७,२१७.३२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ६१,३२,४८,५२०.३५ | ४७,७६,७५,६९७.१३ | | ४७,७६,७५,६९७.१३ | ४१,४८,०३,०४१.९९ | ४१,४८,०३,०४१.९९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६०,४१,७८,२१२.९८ | ४७,०५,११,१०१.१४ | | ४७,०५,११,१०१.१४ | ४०,७४,१५,७२५.९९ | ४०,७४,१५,७२५.९९ |
| २१००० पारिश्रमिक / सुविधा | २१,०३,२५,८००.०० | १८,८५,६५,१६५.९३ | ०.०० | १८,८५,६५,१६५.९३ | १८,०१,२३,९२६.६९ | १८,०१,२३,९२६.६९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १६,१५,३५,९९२.९८ | ११,६३,००,८८८.२४ | ०.०० | ११,६३,००,८८८.२४ | ९,१३,५६,८२३.२८ | ९,१३,५६,८२३.२८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | २,८१,०८,७००.०० | २,५९,४३,३८६.६६ | ०.०० | २,५९,४३,३८६.६६ | १,९६,४६,१२०.२३ | १,९६,४६,१२०.२३ |
| २७००० सामाजिक सुरक्षा | ८३,६३,६००.०० | ४९,६०,४६८.९४ | ०.०० | ४९,६०,४६८.९४ | १,१६,०९,८४२.११ | १,१६,०९,८४२.११ |
| २८००० अन्य खर्च | १९,००,०००.०० | १७,६२,४१७.०० | ०.०० | १७,६२,४१७.०० | १,०४,३१,०९२.३३ | १,०४,३१,०९२.३३ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १९,३९,४४,१२०.०० | १३,२९,७८,७७४.३७ | ०.०० | १३,२९,७८,७७४.३७ | ९,४२,४७,९२१.३५ | ९,४२,४७,९२१.३५ |
| घ. अन्य भूक्तानी | ९०,७०,३०७.३७ | ७१,६४,५९५.९९ | | ७१,६४,५९५.९९ | ४१,४८,०३,०४१.९९ | ४१,४८,०३,०४१.९९ |
| कोषहरू | ९०,७०,३०७.३७ | ६०,०१,६०८.०० | ०.०० | ६०,०१,६०८.०० | ४८,९९,४०३.०० | ४८,९९,४०३.०० |
| धरौटी | ०.०० | ११,८१,४३५.५० | ०.०० | ११,८१,४३५.५० | २४,८७,९१३.०० | २४,८७,९१३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१८,४४७.५१) | | (१८,४४७.५१) | | |
| ङ. यो वर्षको बचत (न्युन) | (७,४९,७०,२१२.९८) | २६,३५,३४४.०७ | | २६,३५,३४४.०७ | ३,४९,६७,८५४.५४ | ३,४९,६७,८५४.५४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ६,९१,८६,९१७.०८ | | ६,९१,८६,९१७.०८ | ३,८६,५२,१२७.१३ | ३,८६,५२,१२७.१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | (७,४९,७०,२१२.९८) | ७,१८,२२,२६१.१५ | | ७,१८,२२,२६१.१५ | ७,३६,१९,९८१.६७ | ७,३६,१९,९८१.६७ |
| बैंक तथा नगद बाकी | | ६,९०,५२,४१०.७८ | | ६,९०,५२,४१०.७८ | ७,३६,२४,४२२.६७ | ७,३६,२४,४२२.६७ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

### ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले के कति कानून निर्माण गरेको हो सो माग गरेकोमा विवरण उपलब्ध गराएको छैन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको ,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,
- वितरणमूखी कार्यक्रम संचालन गरेको,
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,
- कार्यसम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,
- उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,
- चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,
- राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,
- उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,
- अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,
- सबै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,

- उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,
- समयमा पेश्की फस्र्यौट नगरेको,

उपरोक्त व्यहोरा पूर्ण रूपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम् जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरूप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३.२ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत् सम्बन्धी नियमावली, २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औंल्याएका कैफियतहरू समयमै सम्बोधन गर्ने जस्ता कार्यहरू भएको पाइएन । पालिकाको जिन्सी र भण्डार शाखामा रहेको एकिकृत मौज्दातको विवरण पेश गरेको छैन । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा समेत अभिलेख अद्यावधिक गरेको छैन। नगरपालिकाको स्वामित्वमा रहेका सबै खप्ने तथा नखप्ने समानहरूको एकिकृत अभिलेख तयार गरेको देखिएन। बर्षैपिच्छे जिन्सी खाताहरू तयार गर्ने गरेको कारण जिन्सी समानहरूको संरक्षण र उपयोग सहि तरिकाले भएको छ भनी आश्वस्त हुन सकिएन। जिन्सी निरिक्षण प्रतिवेदन नहुँदा पालिकाको जिन्सी सम्पत्ती कति र कुन अवस्थामा छ एकिन गर्न सकिएन। नगरपालिका तथा वडा कार्यालयमा रहेको जिन्सी सामानको अवस्था समेत निरीक्षण गरी Public Asset Management System (PAMS) मा प्रविष्टी गरी जिन्सी मौज्दातको विवरण तयार गरी पेश गर्नुपर्दछ। जिन्सी व्यवस्थापनमा संलग्नलाई जिम्मेवार बनाई सार्वजनिक सम्पत्तिको यथोचित अभिलेख, संरक्षण तथा उपयोग हुने गरी जिन्सी व्यवस्थापन गरिनुपर्दछ।

## ४ योजना तर्जुमा बजेट तथा कार्यक्रम

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। उपप्रमुख श्री पार्वती बोहरा बिष्टले २०७९।३।१० गते रू ५९ करोड २२ लाख ८८ हजार को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.२ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको देहाय बमोजिम रहेको देखिन्छ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रू.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| कूल खर्चः | १३२९७८.७७ | ४८०६.०१ | ३२४८३.०८ | ९५६८९.६७ | ६७८०६.०४ |
| खर्च प्रतिशत | १०० | ३.६२ | २४.४२ | ७१.९६ | ५०.९९ |

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम चौमासिकगतरूपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च तेश्रो चौमासिकमा मात्र ७१.९६ प्रतिशत गरेको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.३ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २७६४३००० | २०९७७२९१ | ४.४५ |
| सामाजिक क्षेत्र | ३०२६९९६०० | २७३७९१५८२.३७ | ५८.२ |
| पूर्वाधार विकास क्षेत्र | १४९७४५६२० | ८७७७००४९.३७ | १८.६५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३३४४४८९२.९८ | २३१५७४२०.४७ | ४.९२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९०६४५१०० | ६४८१४७५७.९३ | १३.७८ |
| जम्मा | ६०४१७८२१२.९८ | ४७०५११101.१४ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.४५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५८.२० प्रतिशत, पूर्वाधारतर्फ १८.६५ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ४.९२ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १३.७८ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ४.४५ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवम् खर्च गर्नुपर्दछ।एवँ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवम् खर्च अभिबृद्धि गर्नुपर्दछ।

४.४ **खर्च बिश्लेषण —** पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रू.४७६०२४७।०२ राजस्व बाँडफाँड र अनुदानबाट रू. ५१६०३१८२८।५४ समेत रू.५२०७९२०७५।५६ आम्दानी भएकोमा चालु तर्फ रू.३३७५३२३२६।७७ र पूँजिगत तर्फ रू.१३२९७८७७४।३७ समेत रू.४७०५११२०१।१४ खर्च भएको छ। यस बर्ष पदाधिकारी सुविधामा रू.९२७१५००। खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६७.९० प्रतिशत चालु र ३२.१० प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनको लागि न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरी वजेट खर्चको प्रतिफल लक्षित वर्गसम्म पुऱ्याउनु पर्दछ।

४.५ **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रू १ लाखभन्दा कमको योजना | ६२ | ५०००००० |
| २ | रू एक लाखएक देखि पाँच लाख सम्मका योजना | ६२ | १६१९०००० |
| ३ | रू ५ लाखदेखि १० लाख सम्मका योजना | ६ | ५०५०००० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २० | ५६७३२४९५ |
| ५ | ५० लाख भन्दा माथीका | ४ | ३७८९३२८४ |
| | जम्मा | १५४ | १०४६७५७७९ |

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **कर्मचारी करार –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ।कार्यालयले विभिन्न पदमा ३६ जना र स्वास्थ्यतर्फ ३७ जना समेत

७३ जना कर्मचारीहरू करार र ज्यालादारीमा भर्ना गरि रू.१५२८००२०।- खर्च गरेको देखिन्छ। व्यवस्थापन सर्वेक्षण गरी सोको आधारमा स्थायी पदपूर्ति गर्नुपर्दछ।

५.२ **कल्याण कोष —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। कानूनी व्यवस्थाको पालना हुनुपर्दछ।

५.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।पालिकाले कानून नबनाई यो वर्ष स्थायी प्राविधिक कर्मचारीहरूलाई बमोजिम प्राविधक फिल्ड भत्ता रू ११२८०००।मा खर्च गरेको छ।पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो भत्ता वितरण गर्दा थप आर्थिक व्ययभार पारेको देखिन्छ। यसमा नियन्त्रण हुनुपर्दछ।

५.४ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको जिम्मेवारी सरेको मुद्दा सँख्या ७ रहेकोमा यस वर्ष थप ४ मुद्दा थप भएकोमा यो बर्ष ११ मुद्दा फस्यौंट भएको छ। नियमानुसार न्यायिक समितिको काम प्रभावकारी हुनुपर्दछ।

५.५ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएतापिन पालिका तर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन।

## ६ वित्तीय विवरण विश्लेषण

६.१ **वित्तीय विवरण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRAमा

अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रू.१११८८४३२१।- SuTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ।

---

६.२ **जिम्मेवारी फरक परेको —** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। म.ले.प.फा.नं.२७२ अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रू ७,३६,१९,९८१.६७ रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रू ६,९१,८६,९१७.०८ सारेको देखियो। जसअनुसार रू. ४४३३०६४। घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।साथै पालिकाले गत वर्षको म ले प प्रतिवेदनमा बर्षान्तमा बाँकी मौज्दात रू ६३६००६६३। देखाएकोमा यस बर्ष एकीकृत आय व्यय विवरणमा रू ५७३८९२०२।३६ उल्लेख गरेबाट घटी जिम्मेवारी देखाएको रू ६२११४६१। का सम्बन्धमा एकिन गर्नुपर्ने देखिन्छ। यसरी फरक फरक जिम्मेवारी सारेकोमा हिसाब मिलान विवरण पेश गरी हिसाब चुस्त दुरूस्त बनाउनुपर्दछ।

---

६.३ **दाखिला गर्न बाँकी राजस्व -** म.ले.प.फा.नं.२७२ अनुसार कट्टी रकम दाखिला गर्न बाँकी रू १८४४७। देखाएकोमा लेखापरीक्षण अवधिसम्म पनि दाखिला नभएकोले दाखिला हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,४४७ |

---

६.४ **बैक हिसाब मिलान —** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रूपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ। मलेप फाराम नं.२७२ अनुसार खाता अनुसार देहाय अनुसार श्रेस्ता अनुसार रू.५०२८०९४७.४२ बाँकी देखाएकोमा बैक अनुसार रू.५०२९९४२१.९३ बाँकी देखाएकोले फरक परेको रू.१८४४७.५१ सम्बन्धमा एकिन गरी बैक हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ५०२८०९४७.४२ | ५०२९९४२१.९३ | १८४४७.५१ |
| २ | धरौटी खाता | ८९७४०४७.४८ | ८९७४०४७.४८ | |
| ३ | विविध खर्च खाता | ४७०९७१.३७ | ४७०९७१.३७ | |
| ४ | विविध कोष खाता | ९३०७९७० | ९३०७९७० | |
| ५ | चालु खर्च खाता जोर बर्ष | ० | ० | |
| ६ | पूँजीगत खर्च खाता जोर बर्ष | ० | ० | |

| | | | |
|---|---|---|---|
| जम्मा | ६९०३३९३६.२७ | ६९०५२४१०.७८ | १८४४७.५१ |

६.५ **आर्थिक कारोबारको लेखाङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरूको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन। पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरूजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन। स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ।

## ७ विपद व्यवस्थापन

७.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन गरेकोमा २ पटक बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन। ऐनमा तोकिएबमोजिम कार्य सम्पादन गरी समितिलाई सक्रिय बनाउनुपर्दछ।

७.२ **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ तर्जुमा गरेतापनि यसमा उल्लेखित प्रावधानहरूको कार्यान्वयन गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

७.३ **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

## ८ पदाधिकारी सुविधा

८.१ **पदाधिकारी सुविधा** - प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची- बमोजिम पदाधिकारी तथा सदस्यहरूलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस वर्ष ५५ पदाधिकारी र सदस्यहरूलाई रू.९२७१५००।- सुविधा भुक्तानी दिएको छ।

८.२ **यातायात सुविधा** - प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार सवारी साधन प्राप्त गरेका पदाधिकारीले यातायात सुविधा बापतको भुक्तानी लिन मिल्ने देखिँदैन । वडा नं. १ का वडा अध्यक्ष श्री शरद सिँह नेगीले मिति २०७९।९।२७ मा मोटरसाइकल बुझीलिएकोमा माघ देखि असारसम्म रू.२५००।- का दरले ६ महिनाको रू.१५०००।- यातायात सुविधा समेत भुक्तानी लिएको छ । यसरी दोहोरो सुविधा लिएको रू.१५०००।- सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

८.३ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा कार्यालय समेतको यो वर्ष खाना तथा विविधतर्फ मात्र रू.३२१२१९७। खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

८.४ **सवारी साधन खरिद** – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले दुई पाँग्रे सवारी साधन खरिदमा रू.३८१०००। खर्च गरेका छन् ।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

## ९ अनुदान प्राप्ति, वितरण र फिर्ता

९.१ **अनुदान फिर्ता** — संघीय एवम् प्रदेश सरकारको कानून एवम् कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रकम रू.२५९१८००५।९२

मध्ये रू.२५९१७९९६।९२ रकम फिर्ता गरिएकमा सुत्र सफ्टवेयरले रू ९ फिर्ता हुन बाँकी देखाएको छ। उक्त रकम फिर्ता हुनुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २६३६१२४७६ | २६३६१२४६७ | ९ |
| | विषेश | २६४९७९४८ | २६४९७९४८ | ० |
| | समपुरक | २६६६६६६ | २६६६६६६ | ० |
| | अन्य | | | |
| प्रदेश सरकार | शसर्त | | | |
| | विषेश | ८८३१२८४ | ८८३१२८४ | ० |
| | समपुरक | ३७५०००० | ३७५०००० | ० |
| | अन्य | | | |
| | जम्मा | ३०५३५८३७४ | ३०५३५८३६५ | ९ |

९.२ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

## १० कर दस्तुर एवम् आन्तरिक आय

१०.१ **स्रेस्ता तथा अभिलेख** - पालिकाले आन्तरिक राजस्वतर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन। स्रेस्ता तथा अभिलेख पूर्ण रूपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रूपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन। तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ।

- म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता
- म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)
- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

१०.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष रू. ५४ लाख आय प्रक्षेपण गरेकोमा रू.३८ लाख ५ हजार ८ सय ३२ रूपैयाँ मात्र असुली गरेको विवरण पेश गरेको छ। पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

१०.३ **वडा तथा नगरपालिका आम्दानी** - नगरपालिकाले वडाहरूबाट राजस्व संकलन गर्दा पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ। यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडातर्फ रू.१६५९१७२।- र नगरपालिकातर्फ रू. २१४६६६०।- गरी जम्मा रू.३८०५८३२।- राजश्व असुल गरेको छ। पुराना रसिद प्रयोग स्थिति सहितको अभिलेख नहुदा वडा कार्यालय तथा नगरपालिका कार्यालयमा के कती रसिद प्रयोग भए र के कती बाँकी छन भन्ने व्यहोरा खुल्ने गरी पालिकाले विवरण राख्नुपर्नेमा सो राखेको देखएन। रसिद प्रयोग र प्राप्त आम्दानी दाखिला भए नभएको सम्बन्धमा समयमै अनुगमन गरिनुपर्दछ।

१०.४ **सेवा प्रवाह र आम्दानी** - पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरू प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।

१०.५ **आय उपकरण परिचालन** - पालिकामा निम्नानुसार उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। नगरपालिकाको उपकरणहरूमार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ।

| सि.नं. | सामानको विवरण | आय | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | ट्याक्टर १ वटा | नभएको | दुर्घटना भई थन्काएको उल्लेख गरेको । |
| २ | जे.सि.वि. मेशिन १ वटा | ३४७५०० | पालिकाले जेसीवि सञ्चालनमा ड्राइभर मर्मत र इन्धन खपत गरेको एवँ मर्मत खर्च गरेको तुलनामा आय न्युन देखिएको |
| ३ | ट्रिपर १ वटा | ६६४५०० | पालिकाले ट्रिपर सञ्चालनमा ड्राइभर मर्मत र इन्धन खपत गरेको एवँ मर्मत खर्च गरेको तुलनामा आय न्युन देखिएको |
| ४ | एम्बुलेन्स | नदेखाएको | नगदी रसिद २२०१ देखि २३०० सम्म ड्राइभर गणेश सिँह नेगीलाई बुझाएकोमा के कति आम्दानी भएको हो लेखारीक्षणमा पेश नभएको |

उल्लेखित एम्बुलेन्सबाट के कति आय श्रृजना भएको पालिकाबाट एकिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

१०.६ **ढिला राजस्व दाखिला गरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। तर अधिकाँश वडा सचिवहरूले २/३ महिनापश्चात् मात्र दाखिला गर्ने र आर्थिक वर्ष व्यतित भएपश्चात् दाखिला गरेको अवस्था छ। नियमको कडाइका साथ पालना हुनुपर्दछ।

१०.७ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

**मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ।

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले व्यवसायीहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरूको लगत मात्र राखेको कर रकम

संकलन गरेको पाईएन। नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरूको अनुगमन गरेको पाईएन। पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्दछ।

११ **सरकारी तथा सार्वजनिक जग्गाको उपयोग र संरक्षण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवम् संरक्षण गरेको/अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवम् संरक्षण गरी सोको अभिलेख राख्नु पर्दछ।

१२ **कोभिड-१९ खर्च** - आ.व. २०७९।८० को अषाढ मसान्तसम्म कोभिड—१९ रोकथाम तथा नियन्त्रणको लागि भएको खर्चको विवरण निम्नानुसार रहेको छः

| क.सं | कार्यक्रम | खर्च |
|---|---|---|
| १ | कोभिड १९ विरूद्ध खोप अभियान तथा बुस्टर खोप QR Code प्रमाणीकरण | ११०००० |
| २ | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया | ४९००० |
| ३ | सुपरीवेक्षण | १९८२०० |
| | जम्मा | ३५७२०० |

जिल्ला स्वास्थ्य कार्यालय, बैतडीबाट प्राप्त विवरण अनुसार यो वर्ष कोभिड १९ को १०३९५ परीक्षण गरेकोमा ६२ केसहरू पोजेटिभ रहेको उल्लेख छ। २०७९।८० मा कोभिडको प्रभाव न्यून रहेको अवस्थामा कोभिड अन्तर्गत विभिन्न शिर्षकमा खर्च लेख्नु उपयुक्त देखिएन।

१३ **इन्धन खर्चको मापदण्ड** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी इन्धन कार्यालय प्रयोजनको लागि रू २६४१२३६। खर्च गरेको छ। पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

१४ **न्यूनतम दररेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरू हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ। तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन। कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ।

१५ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहले उक्त प्रक्रियावेगर रू.२८६७४०९।- औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१६ **सवारी साधन मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरूको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रू.१७९९९९९।- खर्च लेखेको छ। नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

१७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाईन्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरूको विकासमार्फत नागरिकको जीवनयापनमा सुधारल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमारहेकोछ।यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा पाइपलाइन र सोलिङ बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८८ जनालाई रोजगारी उपलव्ध गराई रू.४००८७७४।- खर्च गरेको छ।लक्षित वर्गलाई १६ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिकज्याला, प्रशासनिक र कार्यक्रम खर्चसमेतखर्चलेखेका छन्। उक्त खर्चवाट लक्षितवर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन।

१८ **डि.पि.आर. खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार

देहायबमोजिमको कार्य परामर्शदाताबाट रू ९९०७८४। गराई प्रतिवेदन प्राप्त गरेको छ। कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै कन्सलटेन्टबाट गराएको काम नियमित देखिएको छैन।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| गुणस्तर परिक्षण | ईन्जिक ग्रुप अप कम्पनी प्रा ली | ५००००० | ४९७२०० | |
| डि पि आर | बि एण्ड बि ईन्जिनियरिङ्ग सर्भिसेज | ५००००० | ४९३५८४ | २४४९८९२३९।२५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पि.आर. तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । डिपिआर गरेका योजना कार्यान्वयन हुनुपर्दछ ।

## १९ पेश्की

**१९.१ पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौंट गर्नुपर्ने व्यवस्था छ। SuTra सफ्टवेयर अनुसार देहाय बमोजिम यस वर्ष रू. २,७२,४४,१५४। विभिन्न व्यक्ति तथा फर्मलाई पेश्की दिएकोमा वर्षान्तमा समेत फस्यौंट हुन नसकेकोमा सो पेस्की फस्यौंट हुनुपर्दछ।

| क्र. सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | ०४/०१/२०७९ | १ | मेलौली भगवती मन्दिर पेरिसर फोहोरमैला व्यवस्थापन वडा नम्बर १ | न्यू केदार ट्रेडर्स एण्ड सप्लायर्स | | ७००००० |
| २. | १२/२७/२०७९ | २० | कार्यालय परिसर घेरबार रिटेनिङ वाल तथा गेट निर्माण | अखिल निर्माण सेवा | | ५००००० |
| ३. | ०४/०१/२०७९ | १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्र्तगत तोकिएका बिधालयहरूलाई शैक्षिक तथा भौतिक सुधारका लागी | श्री ग्वाल्लेक आधारभूत (१ - ५) विद्यालय तल्लीताल | | ६००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | ११/२३/२०७९ | ७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री दुर्गा माध्यामिक बिद्यालय खलिगाड | | २२९८६६ |
| ५. | ०३/१३/२०८० | ५५९ | बिदुर तथा टुहुरा बालबालिकाको सा.सु.भत्ता | चिन्तामणि भट्ट | असिष्टेण्ट सव इञ्जिनियर | १५८००० |
| ६. | ०३/१५/२०८० | ११५ | लामालेक थ्वा सडक ६ हरडाखान सिमदागडा सडक वडा न.६ र ८ | हरिश प्रकाश लुहार | | १९०००० |
| ७. | ०३/१८/२०८० | ५८४ | बिदुर तथा टुहुरा बालबालिकाको सा.सु.भत्ता | लोक राज जोशी | सहायक चौथौ | १६८००० |
| ८. | ११/१९/२०७९ | २९७ | सूचना प्रविधीमा आधारित एकिकृत वस्तुस्थिति विवरण (ILG Profile) निर्माण | अपि — सैपाल विकास मञ्च | | ४९४००० |
| ९. | ०१/१५/२०८० | ४० | कमलपुर मा.बि. मल्लो तला निर्माण | श्री कमलपुर मा.बि. कोटिगाँउ | | १५०००० |
| १०. | ०३/२१/२०८० | ६११ | सार्वजनिक सुनवाई कार्यक्रम सचालन खर्च | नेपाल पत्रकार महासंघ | | २४०००० |
| ११. | ०१/२७/२०८० | १२ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री जनचेतना आधारभुत बिद्यालय गंगापूर | | ७५०००० |
| १२. | ०१/२७/२०८० | १३ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | विजयपुर मा. वि तितावै | | १५००००० |
| १३. | ०२/०१/२०८० | ४५४ | O and M सर्वेक्षण | हुनैनाथ कन्सल्टिङ्ग प्रा. लि. | | २१७०७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | ०२/२४/२०८० | २१ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री शुदर्शन माध्यमिक बिद्यालय | | ७५०००० |
| १५. | २०८०/०२/३२ | २४ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | श्री मणिलेक माध्यमिक विद्यालय | | ५००००० |
| १६. | ०३/०५/२०८० | २८ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | श्री मणिलेक माध्यमिक विद्यालय | | ८७४५०० |
| १७. | ०३/२१/२०८० | ४२ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | श्री मणिलेक माध्यमिक विद्यालय | | ५००००० |
| १९. | ०३/२४/२०८० | ५५ | सुरक्षित नागरिक आवास कार्यक्रम :- सुदूरपश्चिम प्रदेशको बैतडी जिल्ला क्षेत्र नं. १ अन्तर्गत मेलौली नगरपालिका- ८३ वटा (क्रमागत) | मेलौली नगरकार्यपालिकाको कार्यालय | | १४९९९७६ |
| २०. | ०३/२४/२०८० | ५७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | विजयपुर मा. वि तितावैं | | ३५००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१. | ०३/२४/२०८० | ५७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री चन्द्रपुर आधारभुत बिद्यालय झुर्काली | | १२२९८६५ |
| २२. | ०३/२४/२०८० | ५७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री जनचेतना आधारभुत बिद्यालय गंगापूर | | १७५०००० |
| २३. | ०३/२४/२०८० | ५७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री दुर्गा माध्यामिक बिद्यालय खलिगाड | | ३५००००० |
| २४. | ०३/२४/२०८० | ५७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री शुदर्शन माध्यमिक बिद्यालय | | १७५०००० |
| २५. | ०३/२४/२०८० | ५७ | बिद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठो तथा ४ कोठे भवन) | श्री शितलपुर माध्यमिक बिद्यालय | | ६२२८७२ |
| २६. | ०८/२७/२०७९ | ३ | लेक सलेनासुर्नया नदि छेलाखेत वडा नं ८ धेलाखेत खेत पुल अटयाल र नानीगाड झो.पु मेलौली नगरपालिका बैतडी | खेत झोलुङ्गे पुल निर्माण उ.स. | | ४५०००० |
| २७. | १०/२४/२०७९ | २५७ | गत आ.ब को बैक मौज्दात बाडफाड गर्ने बाकी | सिरोडा मलेना हुदै कुचिगाड सडक उ.स. | | ३००००० |
| २८. | १२/२७/२०७९ | ३६१ | गत आ.ब को बैक मौज्दात बाडफाड गर्ने बाकी | सुनि खोला देखि बडरपाखा खेत सिचाइ योजना नि उ स | | २७०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९. | ०१/३१/२०८० | १७ | अनल्ला सिद्धेश्वर खा पा आ मेलौली न पा ५ बैतडी | अनल्ला सिद्धेश्वर खा.पा.आ.उ.स. | | १५०००० |
| ३०. | ०४/०१/२०७९ | १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्र्तगत तोकिएका बिधालयहरूलाई शैक्षिक तथा भौतिक सुधारका लागी | गुल्लेक आधार विद्यालय | | १२००००० |
| ३१. | ०४/०१/२०७९ | १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्र्तगत तोकिएका बिधालयहरूलाई शैक्षिक तथा भौतिक सुधारका लागी | दुर्गा माध्यमिक विद्यालय | | १८००००० |
| ३२. | ०४/०१/२०७९ | १ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | बिजापुर माध्यमिक विद्यालय | | २३०००० |
| ३३. | ०४/०१/२०७९ | १ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | बिजापुर माध्यमिक विद्यालय | | ४७०००० |
| कुल जम्मा | | | | | | २७२४४१५४ |

१९.२ **म्याद नाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौंट गर्नुपर्ने व्यवस्था छ। SuTra सफ्टवेयर अनुसार रू. २,७२,४४,१५४.००। रहेकोमा देहाय बमोजिम म्याद नाघेको पेस्की रू १४०००००। फस्यौंट हुनुपर्ने रू.

| SN | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनी को नाम | कर्मचारी भए पद | जम्मा |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | ०३/१३/२०८० | ५५९ | बिदुर तथा टुहुरा बालबालिकाको सा.सु.भत्ता | चिन्तामणि भट्ट | असिष्टेण्ट सव इञ्जिनियर | १५८००० |
| २. | ०३/१५/२०८० | ११५ | लामालेक थ्वा सडक ६ हरडाखान सिमदागडा सडक वडा न.६ र ८ | हरिश प्रकाश लुहार | | १९०००० |
| ३. | ०३/१८/२०८० | ५८४ | बिदुर तथा टुहुरा बालबालिकाको सा.सु.भत्ता | लोक राज जोशी | सहायक चौथौ | १६८००० |
| ४. | ११/१९/२०७९ | २९७ | सूचना प्रविधीमा आधारित एकिकृत वस्तुस्थिति विवरण (ILG Profile) निर्माण | अपि — सैपाल विकास मञ्च | | ४९४००० |
| ५. | ०१/१५/२०८० | ४० | कमलपुर मा.बि. मल्लो तला निर्माण | श्री कमलपुर मा.बि. कोटिगाँउ | | १५०००० |
| ६. | ०३/२१/२०८० | ६११ | सार्वजनिक सुनवाई कार्यक्रम सचालन खर्च | नेपाल पत्रकार महासंघ | | २४०००० |
| | | | | | जम्मा | १४००००० |

| | |
|---|---|
| पेश्की | १४,००,००० |

## २० उपभोक्ता समिति मार्फत कार्य

२०.१ **उपभोक्ता समिति दर्ता**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १३० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू.३४८२५५०१।- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रूपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा

निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

२०.२ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सिंचाई, सडक लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।

२०.३ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन PCC को M १५ भन्दा बढीको कार्यमा अनिवार्यरूपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन। तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन। निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

२०.४ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको

देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

२०.५ **खरिद कारवाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरू सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरू सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

२०.६ **एजविल्ट नक्सा पेश नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरूको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

२१ **योगदान -** गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ को उपदफा ३ अनुसार उद्यमीलाई प्रदान गरिन प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबुल गरेको कुल अँकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम प्रविधि हस्तान्तरण रू.६००७२४।- को २० प्रतिशतले हुने रू.१२०१४४।- सम्बन्धित उद्यमीको योगदान हुनुपर्नेमा एकमुष्ट २०८०।३।२१ मा रू.२८७००।- जम्मा गरेको देखिँदा बाँकी रू.९१४४४। असुल हुनुपर्ने रू.

| गो.भौ. नं. र मिति | विवरण | सामाग्री | भुक्तानी रकम | २० प्रतिशतले अपुग रकम |
|---|---|---|---|---|
| १८६-२०८०।३।३ | किसान एग्रिकल्चर इन्टरप्राइजेज | बीउ बिजन | १०२३५६ | २०४७१ |
| | शिवशक्ति कृषि तथा पशुपन्छी फर्म | बयर बोका | ७८८०० | १५७६० |

| | | | | |
|---|---|---|---|---|
| | महारूद्र कैलपाल बहुउद्देश्यीय कृषि तथा पशुपछीं विकास फर्म | कुखुराको चल्ला | १०३४२५ | २०६८५ |
| २०५।२०८० ।३।४ | बन्दना एस ट्रेडर्स | सिलाई मेशिन | ४९६०० | ९९२० |
| २१०।२०८० ।३।७ | गिरी ब्रदर्श एण्ड माछा सप्लायर्स प्रालि | माछाको भुरा र दाना | ३८६०० | ७७२० |
| ३१७।२०८० ।३।३० | बन्दना एस ट्रेडर्स | चाउमिन मेशिन चप्पल बनाउने मेसिन आटा चक्की ओभरलक मेशिन | ६९९०० | १३९८० |
| | नयना ट्रेड कन्सर्न | सिलाई मेशिन | ९०००० | १८००० |
| | किसान एग्रिकल्चर इण्टरप्राइजेज | सुपरपोलिन मल्चिँग स्प्रेयर लगायतको सामाग्री | ५८९४३ | ११७८८ |
| | लवकुश एग्रोभेट | थोपा सिचाईसँग सम्बन्धित सामाग्री | ९१०० | १८२० |
| जम्मा | | | ६००७२४ | १२०१४४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,१४४ |

२२ **अनुगमन भ्रमण -** बजेट खर्च गर्दा विनियोजन ऐनले तोकेको शिर्षकमा स्वीकृत कार्यक्रम भित्र छ भने मात्र खर्च गर्न सक्ने व्यवस्था छ। तर पालिकाले २२ लघुउद्यमि र २ जना कर्मचारी र १ पदाधिकारीसमेत सहित २५ जना पोखरा, र लुम्ले लगायतका स्थानमा भ्रमण गरी रू.३९००५०।— खर्च गरेको छ । पालिकाले लघु उद्यमीलाई बजारीकरणमा सहयोग तथा प्रविधि सहयोग शिर्षकबाट भ्रमण गरेको देखिन्छ । उद्यम विकास समितिले विभाजन गरेको बजेट सम्बन्धित शिर्षकमा खर्च नगरेको रू.३९००५०।— फरक शीर्षकबाट खर्च लेखेको हुँदा रकमान्तर तथा खर्च समर्थन गराएको नपाइएकोले नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,९०,०५० |

२३ **घटी योगदान कट्टी** - गो.भौ.नं.३०।२०८०।३।२३ बाट श्री भैरब बहुउद्देश्यीय कृषि तथा पशुपालन फर्मलाई रू. १९३५२५। भुक्तानी गरेकोमा संलग्न बिजक अनुसार बिरूवाको रू.१९३५२५।- र ढुवानीबापतको रू.२५०००।– रू.२१८५२५।- खर्च भएको देखिन्छ । सम्झौताको शर्त अनुसार २० प्रतिशत कृषकको लागत साझेदारीले हुने रू.४३७०५।- कट्टी गरी भुक्तानी गर्दा रू.१७४८२०।- मात्र भुक्तानी दिन मिल्नेमा रू.१९३५२५।- भुक्तानी गरेबाट बढी भुक्तानी भएको रकम रू.१८७०५।- असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | १८,७०५ |
|---|---|

२४ **लागत सहभागिता -** कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय विभागिय मन्त्रिस्तर) को मिति २०७७।६।१ को निर्णयानुसार स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल परिच्छेद-७ को बुँदा नं. ७.१ उपलब्ध हुने सेवा सुविधामा तोकिए बमोजिम लागत सहभागिता हुनुपर्ने उल्लेख छ। देहायका कृषक समुह तथा कृषि फर्महरूको देहायका कार्यक्रममा घटी लागत सहभागिता भएको रू.१६३७००।- सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| भौ. नं . र मिति | कार्यक्रमको नाम | फर्म र समूहको नाम | भुक्तानी दिएको | भुक्तानी दिनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २५८-२०८०।३।२० | मकै पकेट वकास कार्यक्रम निरन्तरता | कैलपाल कृषि सहकारी सँस्था | ४२००००० | ३८९८०० | ३०२०० |
| २५९-२०८०।३।२० | तरकारी पकेट विकास कार्यक्रम | बेतालदेव कृषक समूह | ९८६००० | ८५२२५०० | १३३५०० |
| जम्मा | | | | | १६३७०० |

| असुल गर्नुपर्ने | १,६३,७०० |
|---|---|

२५ **खाजा भत्ता -** केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र मेलौलीमा कार्यरत प्यारामेडिक्स कर्मचारीलाई समेत रात्री समयको ड्युटी गरेबापत खाजा रकम भनी प्रति नाइटको रू.१५०।- का दरले भुक्तानी गरेको छ। नाइट भत्ता भुक्तानी गरेपश्चात् खाजा समेतको भुक्तानी गर्ने आधार नदेखिएकोले सो रकम असुल हुनुपर्ने देखिएको रू .

| सी . न. | कर्मचारीको नाम | पद | श्रवान। भाद्र। असौज। कार्तिक। मंसिर। पुस। माघ। फाल्गुन। चैत्र। बैशाख। जेष्ठ। असार | जम्मा | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | मुकेश कान्त दयाल | ज.स्वा .नि | १४।१२।१।१६।०।०।०।०।०।०।४।० | ४७ | १५० | ७०५० |
| २ | प्राताप सिंह नायक | सी.अ.हे.ब. | ०।०।०।०।१८।०।०।७।०।०।१।० | २६ | १५० | ३९०० |
| ३ | लोक राज भट्ट | अ.हे.ब. | १७।११।३०।१४।०।०।०।७।०।०।४।० | ८३ | १५० | १२४५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सरोज भट्ट | हे.अ. | ०।८।०।०।११।३०।२४।०।०।१६।१६।१० | ११५ | १५० | १७२५० |
| ५ | रबिन चन्द | हे.अ. | ०।०।०।०।०।५।२६।३०।१५।७।७ | ८० | १५० | १२००० |
| जम्मा दिन | | | ३१।३१।३०।२९।३०।२९।३०।३०।३१।३२।१७ | ३५१ | | |
| कुल जम्मा रकम | | | | | ५२६५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,६५० |

२६ **घटि आनुपातिक कट्टि** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) अनुसार उपभोक्ता समितिलाई भुक्तानी दिदा कन्टेन्जिन्सी, ओभरहेड, जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । देहायका योजनामा उपभोक्ता समितिको योगदानको अंश सम्झौताभन्दा रू.३८६१११।- घटी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| गौ.भौ.नं. | योजनाको नाम | भएको कार्य | कार्यालयले व्यहोर्नुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३१।२०८०।३।७ | शितलपुर माध्यामिक विद्यालय | २१८१२९५ | १७४५०३६ | १८७७१२१ | १३२०८५ |
| ४५।२०८०।३।२३ | दुर्गा मावि खालीडाँडा | १२७०१३४ | १०१६१०७ | १२७०१३४ | २५४०२६ |
| जम्मा | | | | | ३८६१११ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८६,१११ |

२७ **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को वुदा नं. ६ मा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नु पर्ने व्यस्था रहेको छ। यो वर्ष ८३ लाभग्राहीलाई रू.१८०७२।- का दरले रू.१४९९९७६।- निकासा दिएकोमा सोको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ।

२८ **सवारी साधन नविकरण जरिवाना** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार वयक्तिले खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन

आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष नगरपालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। नगरपालिकाले गो. भौ. नं. ५४०।२०८०।३।२४ मा गाडी जेसीबी, ट्रिपर र मोटरसाईकलको विमा नवीकरण ढिलो गरेकोले जरिवाना बापत रू.१९०००।- भुक्तानी गरेको छ। कार्यालयका सवारीसाधन समयमा नै बीमा तथा नवीकरण गर्नुपर्दछ।

२९ **खेलकुद कार्यक्रम -** सार्वजनिक खरीद ऐन, २०६३ को परिच्छेद २ मा खरीद कारवाहीको तयारी खरीद योजना र लागत अनुमान सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरेको भनी देहाय बमोजिम रू.२७७५०९०।- खर्च गरेको छ । पालिकाले एकै वर्षमा खेलकुद कार्यक्रम सञ्चालन गरेको भनी विभिन्न खेल सामाग्री युनिफर्म खरीद गरेको विल समावेश गरी विभिन्न व्यक्तिहरूलाई भुक्तानी गरेको छ। कुनै पनि कार्यक्रम सञ्चालन गर्दा सोको लागत अनुमान तयार गरी स्वीकृति गरी सोही मुताविक खर्च गर्नुपर्नेमा रू.१४९३१०। देखि रू.१००००००।- सम्म खर्च गरेको छ। उक्त कार्यक्रम सञ्चालन हुँदा अन्य निकायको समेत लागत साझेदारी हुने हुँदा खर्चको वास्तविकता यकिन गर्न सकिएन। सार्वजनिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा कार्यक्रमको लागत के कति हो एकिन नगरी अबण्डामा राखेको बजेटबाट पटक पटक एकै प्रकृतिको कार्यमा खर्च गरेको छ । उक्त खेलकुद सञ्चालनमा खरीद गरिएको सामाग्री खरीद गर्दा सार्वजनिक खरीद ऐनको पालना नगरी सोझै खरीद गरिएको एवम् लागत अनुमान स्वीकृति वेगर नै अबण्डा बजेट शिर्षकबाट खर्च गरेकोमा नियमसम्मत नदेखिएको रू

| मिति | विवरण | रकम |
|---|---|---|
| ०६/१२/२०७९ | पाटनमा भएको खेलकुद वापत रकम भुक्तानी | १,६७,४११ |
| ०९/२६/२०७९ | खेलकुद व्यवस्थापन रकम भुक्तानी | ३,७०,००० |
| ११/२६/२०७९ | राज ब चन्द लाइ वडा न १ को खेलकुद कार्यक्रम रकम भुक्तानी | १,४९,३१० |
| १२/२८/२०७९ | राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रम रकम भुक्तानी | ५,८८,३६९ |
| १२/२८/२०७९ | राष्ट्रपति रनिङ्ग सिल्ड रकम पेश्की फर्स्योट | ५,००,००० |
| ०३/१५/२०८० | जिल्ला स्तरिय रनिङ्ग शिल्ड संचालन रकम भुक्तानी | १०,००,००० |
| | जम्मा | २७७५०९० |

| | |
|---|---|
| अनियमित भएको | २७,७५,०९० |

३० **सडक सफाई कार्य -** गो. भौ. नं. २१६।२०७९।१०।३ मा वडा नं. ९ को विभिन्न सडकहरू सरसफाइ गरेको भनी न्यू श्री केदार ट्रेडर्स एण्ड सप्लायर्सलाई रू.९६६१५०।- भुक्तानी गरेकोमा छ। उक्त वडाका विभिन्न स्थानमा जेसीबी प्रयोग गरी मिति २०७९।७।१९ देखि २०७९।७।२६ सम्म वडान नं. ९ मा विभिन्न ४ सडकमा सरसफाइ कार्य गरेको भनी ९३ घण्टा कार्य गरेको उल्लेख छ । ८ दिनसम्म दैनिक

सरसफाई गर्दा ९३ घण्टा कार्य गरेको उल्लेख गरेबाट एकै जेसीबीको प्रयोगबाट प्रतिदिन ११ घण्टाभन्दा बढी काम गरेको देखिँदा सो अनुरूप कार्य भएको हो भनी विश्वस्त हुन सक्ने आधार देखिएन । साथै हरडाखान कोल्तडी सडकदेखि नवज्योति आ वि सम्म ३२ घण्टा कार्य गरेको उल्लेख गरेकोमा पुन कोल्तडामाडौ देखि खडा सडकसम्म ३९ घण्टा कार्य गरेको भनी उल्लेख छ ।पहिलोपटक ३२ घण्टा कार्य गरेको उल्लेख गरेको चेनेज भित्र पर्ने गरी पुन ३९ घण्टा काम गरेको देखिएकोमा उक्त काम पहिले गरेको भन्दा फरक कार्य हो भनी एकिन हुन सक्ने देखिँदैन । साथै नगरपालिकाको आर्थिक ऐन २०७९ अनुसार तेलसहितको जेसिबीको दररेट रू.४५००।- रहेकोमा उक्त निर्माण व्यवसायीसँग रू.५०००।- का दरले सम्झौता गरी भुक्तानी गरेको छ। सोही प्रकृतिको कार्य गराउँदा र गो.भौ.नं.३८३।२०८०।१।८ बाट अर्को निर्माण व्यवसायीलाई रू.४०००।- मा सम्झौता गरी भुक्तानी गरेको देखिन्छ । एकै प्रकृतिको कार्यमा फरक फरक दररेटबाट भुक्तानी गरेबाट थप आर्थिक व्ययभार पारेको देखिन्छ । तसर्थ एकै चेनेजमा दोहोरो देखिएको ३९ घण्टाको रू.५०००।- को दरले हुने रू. १९५०००।-को १३ प्रतिशतले हुने रू.२५३५०।- समेत रू.२२०३५०।- भुक्तानी दिन मिल्ने आधार देखिँदैन । साथै बाँकी १३२ घण्टाको रू.१०००।- को दरले बढी भुक्तानी भएको रू.१३२०००।- को १३ प्रतिशतले हुने रू.१७१६०।- समेत रू.१४९१६०।- जम्मा रू.३६९५१०।- एकिन गरी सम्बन्धित वडा पदाधिकारीलाई जिम्मेवार बनाइ असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६९,५१० |

३१ **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन, २०४९ को दफा ७ बमोजिम कर्मचारीको तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा नगरपालिकाले प्रशासन तर्फका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रू.१७५४४७०२।- तलब खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी तलव र ग्रेड भुक्तानी दिंदा कर्मचारीहरूले पाउनु पर्ने ग्रेड रकम एकिन हुन नसकेकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

३२ **आर्थिक सहयोग -** सार्वजनिक खर्चमा प्रभावकारिता र मितव्ययिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ ले सरकारी खर्च किफायती गर्ने तरिका सुझाएको छ।नगरपालिकाले विभिन्न व्यक्तिहरूलाई रू.४७८०००।०० आर्थिक सहयोग गरेको पाइयो।आन्तरिक आम्दानी न्यून रहेको कारण यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।यस्तो खर्चलाई मापदण्ड प्रकृया तोकी सोही अनुरूप मात्र खर्च गर्नुपर्दछ।

३३ **अधुरो निर्माण कार्य -** गो.भौ.नं.४११ मिति २०८०।१।२६ मा सिरोडा मलेना हुँदै कुचिगाड सडक उपभोक्ता समितिलाई रू. ६५५३४९।- भुक्तानी गरेको छ। पालिकाबाट मिति २०७९।१०।२२ मा दिएको कार्यादिश दिएकोमा कुल लागत अनुमान रू.११०६९४८।- रहेकोमा roadway excavation and Gabin work रहेकोमा Gabin work को काम गरे वेगर नै roadway excavation को मात्र काम गरेकोमा अन्तिम बिल भुक्तानी गरेको छ। Gabin work को ३६ घनमिटरको सम्झौता अनुसार रू.१८१३३२।- को कार्य गरेको देखिएन। सम्झौताको शर्तमा तोके अनुसार कार्य नगरी कार्यसम्पन्न गरेको नियमसम्मत देखिएको छैन।

३४ **अग्रिम आयकर -** आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा मूल्य अभिवृद्धि करमा दर्ता नभएका संस्थाहरूले भुक्तानी लिएको रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा देहाय बमोजिमको भुक्तानीमा अग्रिम कर कट्टी गरेको नदेखिएकोले असुल हुनुपर्ने रू.

| गो.भौ. नं. र मिति | विवरण | भुक्तानी रकम | रकम |
|---|---|---|---|
| ३२।२०८०।३।७ | अनिरूद्र ग्रामिण सुधार केन्द्र | १०६८५३ | १६०२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,०२७ |

३५ **संघीय ईकाइमा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार संघीय कार्यालयमा विविध खर्च गर्न मिल्ने व्यवस्था रहेको देखिंदैन। नगरपालिकाले देहाय अनुसार संघीय कार्यालय मातहत रहेका इकाइमा विपद व्यवस्थापन सामग्री, कार्यालय संचालन खर्च तथा गाडी मर्मत, सेड निर्माण लगायतमा रू.१०१३४७।- खर्च उपलव्ध गराएको पाइयो । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| मिति | गो भौ न | विविरण | रकम |
|---|---|---|---|
| ०६/१३/२०७९ | १२७ | ईलाक प्रहरी कार्यालय लाई ईन्धन वापतको रकम भुक्तानी | ३३,३५७ |
| ०७/२७/२०७९ | १३२ | इलाका प्रहरी कार्यालय लाइ विविध रकम पे फ गरि भुक्तानी | ३४,९९० |
| १०/२५/२०७९ | २७० | इलाका प्रहरी कार्यालयल लाइ समझौता बमोजिम गाडी भाडा रकम भुक्तानी | ३३,००० |
| | | जम्मा | १०१,३४७ |

३६ **पारिश्रमिक कर**

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०-११-२२ को निर्णयबाट रु. ४५,४०० सम्परीक्षण गरिएको।)*

---

३७ **सवारी साधन भाडा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न रू. २० लाखसम्म शिलबन्दी दरभाउपत्र र सो भन्दा माथीको लागि बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले भ्रमण अभिलेख खाता तथा भ्रमण अनुगमन प्रतिवेदन तयार गरे वेगर विभिन्न समयमा देहाय बमोजमि एकै सवारी साधन भाडामा लिई रू १०९८६११। खर्च गरेको छ। यसरी पटक पटक एकै प्रकृतिको सेवा खरीद गर्दा सार्वजनिक खरीद कानूनको पालना भएको देखिएन। उक्त सवारी साधन भाडामा लिदा सार्वजनिक खरीदको कानूनको पालना नभएको एवम् उक्त खर्च पुष्टी हुने अनुगमन प्रतिवेदन समेत पेश नभएकोले देखियो। कानुनको पालना हुनुपर्दछ।

| गो.भौ.नं. | मिति | विवरण | भुक्तानी |
|---|---|---|---|
| **पूँजीगततर्फ** | | | |

| | | | |
|---|---|---|---|
| २५ | १२/२७/२०७९ | सुरेश दत्त भट्टलाइ गाडी भाडा रकम भुक्तानी | १,७८,००० |
| ९८ | ०३/११/२०८० | सुरेश दत्त भट्टलाइ साझौता बमोजिम गाडी भाडा रकम भुक्तानी | ९३,६८१ |
| १५० | ०३/२२/२०८० | सुरेश दत्त भट्टलाइ समझौता बमोजिम गाडी भाडा रकम भुक्तानी | २,६१,००० |
| चालु | | | |
| १७२ | ०८/०१/२०७९ | सुरेश दत्त भट्टलाइ समझौता बमोजिम गाडी भाडा रकम भुक्तानी | ३,६०, ००० |
| २२९ | ०९/२५/२०७९ | सुरेश दत्त भट्टलाइ समझौता बमोजिम गाडी भाडा रकम भुक्तानी | १, ९६ , ००० |
| ५०९ | १२/२४/२०७९ | सुरेश दत्त भट्टलाइ गाडी भाडा रकम भुक्तानी | १०,००० |
| | | जम्मा | १०९८६६१ |

भ्रमण पश्चात अनिवार्य रूपमा कामको व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

३८ **विगत ४ आर्थिक बर्षको भुक्तानी बाँकी** - आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण सात गतेभित्र भुक्तानी बाँकीको बिबरण म.ले.प.फा.नं.२२१ प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ। पालिकाले भुक्तानी दिन बाँकी रहेको बिबरण प्रमाणित गरे वेगन नै विगतको विभिन्न आ.व.२०७५।७६ देखि २०७८।७९ सम्म भुक्तानी दिन बाँकी रहेको उल्लेख गरी नगरपालिका पूँजीगत शिर्षकबाट देहायको योजनामा रू.७०७७००४।- यो बर्ष खर्च गरेको छ । पालिकाले मिति २०७९-०३-१० को ११ औं नगरसभा बाट मेलौली नगरपालिकाको योजना छानविन कार्यविधि, २०७९ वनाएर उप—प्रमुखको संयोजकत्वमा सात सदस्य योजना छानविन समिति गठन गरेको र छानबिन प्रतिवेदनको अनूसुची अनुरूप प्रतिवेदन पेश भएको आधारमा भुक्तानी भएको जनाएको छ । भुक्तानी बाँकीको विवरण प्रमाणित नगराएबाट वास्तविक के कति योजना तथा कार्यक्रमको भुक्तानी दिन बाँकि रहेको थियो भनी एकिन गर्न सकिएन।साथै उक्त योजनामा अन्य सरकारी निकायबाट विगतमा कार्य भई दोहोरो कार्य भए नभएको सम्बन्धमा सुनिश्चित गर्न सकिएन। विगत ४ बर्ष अगाडीको कामको हाल आएर नापी गर्दा वास्तविक कार्यको मूल्यॉंकन नहुन सक्ने अवस्था विद्यमान हुन जाने देखिन्छ। सालबसाली रूपमै योजना तथा कार्यक्रम सम्पन्न हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।

| गो.भौ.नं./मिति | भुक्तानी प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|
| २८।२०७८-१२-२८ | दुसिल्ला चौराहा हुदै शिवनाथ मन्दिर सडकलाइ | १९२००० |

| | | |
|---|---|---|
| ३०।२०७९-१२-२८ | नेपाल रेडक्रस सोसाइटी शाखा मेलौली भवन मर्मत | १६३७७१ |
| ३१।२०७९-१२-२८ | थाम सिचाइ योजना | ४७२३४९ |
| ३३।२०८०-०१-१० | कोल्तडी मन्दिर कुलो निर्माण | ९५००० |
| ५०।२०८०-०१-२७ | गैर खोला खानेपानी उ.स. | ३२५००० |
| ६३।२०८०-०२-२३ | कोल्तडी आ.वि. शौचालय | ९४७२९ |
| ८४।२०८०-०३-०७ | सुनी खानेपानी योजना निर्माण उ.स. | ९५००० |
| ८५।२०८०-०३-०७ | भम्क खानेपानी निर्माण उ.स. | १३५९०६ |
| ११८।२०८०-०३-१७ | कुन्ले केदार ट्रस्ट निर्माण | ८६८८७ |
| १५८।२०८०-०३-२३ | शुदर्शन मा.वि.लाई व्यवस्थापन | १००००० |
| २।२०७९-०६-१३ | लामालेक पेल्पा तितावै पर्यटकीय सडक खण्ड ख | १२२९८३४ |
| ६।२०७९-१०-०६ | द्वारी सडक निर्माण उ.स. | ३८२००० |
| ११।२०७९-११-१९ | हरडाखान कोलतडी सडक खण्ड निर्माण उ.स. | १५८४२१७ |
| १८।२०७९-१२-१७ | लामालेक पेल्या तितावै सडक उ.स. | १७३८६०७ |
| २९।२०७९-१२-२८ | हरडाखान कान्तिपुर वडा कार्यालय सडक उ.स. | ३८१७०४ |
| जम्मा | | ७०७७००४ |

३९ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरू उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरूको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि

उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रूपमा मात्र काम गर्ने गरेको देखिएक छ । यसमा सुधार हुनुपर्दछ । यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

| गो.भौ.नं./ मिति | उपभोक्ता समितिको भुक्तानी प्राप्त गर्नेको नाम | उ.स.लाई भुक्तानी रू. | निर्माण व्यवसायी | निर्माण व्यवसायी बिजक नं./मिति | निर्माण व्यवसायीको बिजक रकम | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- |
| २।२०७९-०६-१३ | लामालेक पेल्पा तिताबै पर्यटकीय सडक खण्ड ख | १२२९८३४ | कनल्या केदार निर्माण सेवा | ३।२०७९-०३-२५ | १२२९८३४ | गत आ.व.को भुक्तानी |
| ६।२०७९-१०-०६ | द्वारी सडक निर्माण उ.स. | ३८२००० | गंगेश्वर बेताल निर्माण सेवा प्रा.लि. | ०१।२०७९-१०-०६ | ३८२००० | गत आ.व.को भुक्तानी |
| ११।२०७९-११-१९ | हरडाखान कोलतडी सडक खण्ड निर्माण उ.स. | १५८४२१७ | गंगेश्वर बेताल निर्माण सेवा प्रा.लि. | ०२।२०७९-११-१५ | १५८४२१७ | गत आ.व.को भुक्तानी बिजक यस आ.व.मा जारी |
| १८।२०७९-१२-१७ | लामालेक पेल्या तितावै सडक उ.स. | १७३८६०७ | इश्वर कन्स्ट्रक्सन | ५।२०७९-१२-१७ | १७३८६०७ | गत आ.व.को भुक्तानी बिजक यस आ.व.मा जारी |
| २२।२०७९-१२-२७ | मणिलेक क्याम्पस फिल्ड निर्माण मे.न.पा. ०७ | ४८०००० | कनल्या केदार निर्माण सेवा | ४।२०७९-११-१६ | ११४८३० | यस आ.व.को भुक्तानी |
| २९।२०७९-१२-२८ | हरडाखान कान्तिपुर वडा कार्यालय सडक उ.स. | ३८१७०४ | गंगेश्वर निर्माण सेवा | ३।२०७९-१२-१६ | ३८१७०४ | गत आ.व.को भुक्तानी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बिजक यस आ.व.मा जारी |
| ३६।२० ८०-०१-१० | जगदम्बा मा बि फिल्ड कटिङ्ग | ४००१२६ | मेलौली महारूद्र ट्रेडर्स एण्ड सप्लायर्स | २।२०८ ०-०१-१० | ४००१२६ | यस आ.व.को भुक्तानी |
| ५९।२० ८०-०१-३१ | स्याल्तडी कुजागाड ओखलडडा जोड्ने सडक निर्माण उ.स. | ४९२६९८ | गंगेश्वर निर्माण सेवा | ३।२०८ ०-०१-२५ | ४९२६९८ | यस आ.व.को भुक्तानी |
| ११७।२ ०८०-०३-१७ | चिनाडी सडक निर्माण उ.स. | १९०२०५ | गंगेश्वर बेताल निर्माण सेवा प्रा.लि. | ०५।२० ८०-०३-१३ | १९०२०५ | यस आ.व.को भुक्तानी मू.अ.कर बिजक हातले लेखेको । |
| १२१।२ ०८०-०३-१९ | स्याल्तडी कुजागाड ओखलडडा जोड्ने सडक निर्माण उ.स. | ९०३७४२ | गंगेश्वर बेताल निर्माण सेवा प्रा.लि. | ०४।२० ८०-०३-१३ | ९०३७४२ | यस आ.व.को भुक्तानी (खर्च शिर्षक नमिलेको गत आ.व.को भुक्तानी) मू.अ.कर बिजक हातले लेखेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५७।२०८०-०३-२३ | श्री केदारेश्वर मा.वि. फिल्ड निर्माण | ४४५९२ | श्री भुमिराज समैजी निर्माण सेवा | ४।२०८०-०३-१९ | ४४५९२ | यस आ.व.को भुक्तानी |
| २८।२०७९-१०-०५ | कोल्तडी मन्दिर देखी खडा सडक उ.स. | १७५१६१३ | शिवछाडी निर्माण सेवा | ४०।२०७९-०३-१० | १७५१६१३ | गत आ.व. २०७८।७९ को भुक्तानी |
| ४३।२०८०-०३-०८ | तोल्या धनखोला सडक निर्माण उ.स. | ८०१०६१ | प्रमोद कन्सट्रक्सन एण्ड सप्लायर्स | २१।२०८०-०३-०१ | ८०१०६१ | गत आ.व. २०७८।७९ को भुक्तानी |
| | जम्मा | १०३८०३९९ | | | १००१५२२९ | |

४० **अवण्डा बजेट** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीयको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटेप्रतिफल प्राप्त गर्न सकिने जन्तको जीवस्तर आम्दानी र रोजगार समेत बढने खालका माध्यम दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सुची समेत तयार गरी सोही आधारमा बजेट तथा कार्यक्रमकी प्राथमिकीकरणका आधारमा तयार गरी श्रोत अनुगमन तथा सिमा निर्धारण आधारमा अवण्डा नराखि आयव्यय अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहाय अनुसार रू २ करोड २८ लाख बजेट अवण्डामा राखेको छ। उक्त अवण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयको आधारमा विभिन्न कार्यक्रमहरूमा रू.१ करोड ५२ लाख ६० हजार खर्च गरेको छ। योजना तथा कार्यक्रम स्पष्ट नगरी अवण्डामा बजेट राखी नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रक्रिया नियन्त्रण गरिनु पर्दछ।

**तालिका १. पूँजिगत तर्फ**

| क्र.स. | विवरण | का.पा. निर्णय मिति | विनियोजित रकम |
|---|---|---|---|
| १ | छोयानी काफलकाडा खानेपानी योजना मेलौली-५ | ५/१५/२०७९ | १,०००,००० |
| २ | सुनीखोला देखि वडरपाखा सिचाई योजना मेलौली-८ | ५/१५/२०७९ | ६००,००० |
| ३ | बनाली तल्लो खोला सिचाई योजना मेलौली-७ | ५/१५/२०७९ | ५००,००० |
| ४ | सिरोडा मलेना हुदै कुचिगाड सडक मेलौली ३ र ५ | ५/१५/२०७९ | १,०००,००० |
| ५ | सिमगड किचानी सिचाई पोखरी मेलौली-९ | ५/१५/२०७९ | ३००,००० |

| | | | |
|---|---|---|---|
| ६ | विजयपुर मा.वि. गेट निर्माण तथा मर्मत मेलौली-४ | ५/१५/२०७९ | ६००,००० |
| ७ | बसपार्कमा आवश्यक पूर्वाधार निर्माण | ५/१५/२०७९ | १,५००,००० |
| ८ | कार्यालय परिसर घेरवार रिटेनिङ वाल तथा गेट निर्माण | ५/१५/२०७९ | २,०००,००० |
| ९ | खलिगाड सेरा झुर्काली सडक | ५/१५/२०७९ | ५००,००० |
| | | जम्मा | ८,०००,००० |

तालिका २ — चालु तर्फ

| क्र.स. | विवरण | का.पा. निर्णय मिति | विनियोजित रकम |
|---|---|---|---|
| १ | दूर्घटनाग्रस्त ट्याक्ट्रर निकाल्न | ५/१५/२०७९ | २००,००० |
| २ | सडक सरसफाई | ५/१५/२०७९ | ३००,००० |
| ३ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा व्यवस्थापन खर्च | ८/२९/२०७९ | ३००,००० |
| ४ | द.न.पा स्थित मेनेजर तेज बहादुर चन्द ट्रसको भलिवल र डडेलधुर जिल्ला स्वतन्त्र वि.यु. ले आयोजना गरेका भलिबल प्रतियवगिता व्यबस्थापन | ८/२९/२०७९ | ३७०,००० |
| ५ | नगरपालिकाको व्यवसायिक भवन, वडा नं. १ को घरेलु भवन र नगरका वडाहरूमा निर्माण भएका स्वास्थ्य भवनमा ग्रील राख्ने | ८/२९/२०७९ | ५००,००० |
| ६ | वडा नं ४ को कार्यालय परिसरको रिटेनिङ वाल निर्माण | ८/२९/२०७९ | ७५०,००० |
| ७ | नगरपालिका भित्रका सडक सरसफाई ठेकेदार संग सम्झौता गरी वडाको सिफारिसमा | ९/२६/२०७९ | १,५००,००० |
| ८ | अस्पताल निर्माणको विवादमा भाएको झडप सुरक्षा व्यवस्थापन | ९/२६/२०७९ | ८००,००० |
| ९ | नगरपालिका राष्ट्रपति रनिङ शिल्डमा रकम थप | ९/२६/२०७९ | ४००,००० |
| १० | नगरस्तरिय राष्ट्रपति रनिङ शिल्डमा सहभागी विद्यालयलाई आर्थिक सहयोग | ११/१८/२०७९ | ५०,००० |
| ११ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा सहभागीताको लागि रकम व्यवस्थापन | ११/१८/२०७९ | १,०००,००० |

| | | | |
|---|---|---|---|
| १२ | नगरस्तरिय राष्ट्रपति रनिङ शिल्डमा थप रकम | ११/१८/२०७९ | ९०,००० |
| १३ | कक्षा ८ को पूरक परीक्षा व्यवस्थापनका लागि रकम | ११/१८/२०७९ | २५०,००० |
| १४ | कक्षा ४ देखि ७ सम्म र कक्षा ९ को परीक्षा सञ्चालन व्यबस्थापन | ११/१८/२०७९ | ४००,००० |
| १५ | नगर स्वास्थ्य शिवीर सञ्चालन व्यवस्थापन | १२/१५/२०७९ | ३५०,००० |
| | | जम्मा | ७,२६०,००० |

४१ **फरक खर्च शिर्षक** - आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ ।कार्यालयले फरक शिर्षक पारि खर्च लेखेको नियमसम्मत देखिएन।

| गो.भौ.नं./मिति | भुक्तानी हुनुपर्ने शिर्षक | भुक्तानी भएको शिर्षक | रकम |
|---|---|---|---|
| ३८।२०७९-१२-२७ | बिगत आ.व.को भुक्तानी दिन बाकी | गाडीभाडा | ३७८००० |
| २५।२०७९-१२-२७ | | | |
| ६१।२०८०-०१-३१ | पि.एस.पि.ग्रुप प्रा.लि. | सवारी साधन खरिद | ३३१५०० |
| | | जम्मा | ७०९५०० |

४२ **बिल भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानी गर्दा खर्च प्रमाणित गर्ने बिल भरपाई श्रेस्तासाथ संलग्न नरहेको हुदां सोको प्रमाण पेश गर्नुपर्ने रू.

| गो.भौ.नं./मिति | भुक्तानी प्राप्त गर्नेको नाम | विवरण | रकम |
|---|---|---|---|
| ४५।२०८०-०१-२६ | शितलपुर मा.वि. | बिल विजक नभएको | ९६००० |
| ६४।२०८०-०२-२३ | बाकोट लेक सडकको देवाल निर्माण उ.स | ग्याविन जाली ३*१*१ को पाँच थान वा १५ घन मिटर | ७६२१५ |
| | | जम्मा | १७२२१५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७२,२१५ |

४३ **बढी दरमा भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा सम्बन्धित कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उपभोक्तालाई देहायबमोजिमको भुक्तानी गर्दा ओभरहेड बाहेकको दर अनुसारको रकम मात्र भुक्तानी गर्नुपर्नेमा बढी दरमा भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा पालिकाबाट अन्य कार्यमा समेत यस्तो व्यहोरा अनुसार भुक्तानी भए नभएको एकिन गरी निम्न अनुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| गो.भौ.नं./ मिति | योजनाको नाम | कामको विवरण | कामको परिमाण | हुनुपर्ने दर | भएको दर | बढि दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ४३।२० ८०-०१-१७ | निरपाल मन्दिर प्रतिक्षालय निर्माण उ.स. | P.C.C. १:२:४<br>M१५ | ३.४१ घन. मि. | १५६०८ | १७७६८ | २१६० | ७३६५ |
| ४६।१० ६०-०१-२६ | श्री नैनेश्वरी आ.वि. शौचालय निर्माण | P.C.C. १:२:४<br>M१५ | ०.६८ घन. मि. | १५६०८ | १७७६८ | २१६० | १४६८ |
| ४८।२० ८०-०१-२७ | शिव मन्दिर पक्कि प्रतिक्षालय उ.स. | P.C.C. १:२:४<br>M१५ | ४.१९ घन. मि. | १५६०८ | १७७६८ | २१६० | ९०५० |
| ७५।२० ८०-०२-३२ | घगरानी देखि जगदम्बा मा.बि. खानेपानी उ.स. | P.C.C. १:२:४<br>M१५ | ०.५८ | १५६०८ | १७७६८ | २१६० | १२५२ |
| | | | | | | जम्मा | १९१३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१३५ |

४४ **घटि आनुपातिक कट्टि** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) अनुसार उपभोक्ता समितिलाई भुक्तानी दिदा कन्टेन्जिन्सी, ओभरहेड, जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाबाट संचालित योजनामध्ये लेखापरीक्षणबाट छनौट गरिएका निम्नानुसार योजनामा

सम्पादित कामको भुक्तानी गर्दा उपभोक्ता समितिको अंश कट्टा गर्दा घटी कट्टि गरी रू.२८३३१।- बढी भुक्तानी भएको देखिएकोले अन्य यस्तै कार्यमा समेत बढि भुक्तानी भए नभएको पालिकाबाटै एकिन गरी निम्न कार्यमा सम्झौता अनुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| गौ.भौ.नं. | योजनाको नाम | कार्यालयले व्यहोर्नुपर्ने अंश | कार्यसम्पन्न अंक | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ९०।२०८०-०३-०८ | ओखलकोट प्राकृतिक पार्क निर्माण योजना उ.स. | ८०.००% | २२१७७२ | १७८२२४ | १८५३०३ | ७०७९ |
| १५२।२०८०-०३-२२ | श्री जगदम्बा मा.वि. पर्खाल निर्माण | ८६.०३% | ९८८४१६ | ८४६९०६ | ८५६४८० | ९५७३ |
| ७।२०७९-०८-२८ | तल्लिताल खानेपानी तथा सिँचाइ योजना | ८२.१५% | २८०३९६ | २२७४११ | २३५१२५ | ७७१३ |
| १०।२०७९-०८-२८ | वडासौ सिचाई निर्माण उ.स. | ८३.००% | १६६८७० | १३७१०८ | १४१०७५ | ३९६६ |
| जम्मा | | | | | | २८३३१ |

| असुल गर्नुपर्ने | २८,३३१ |
|---|---|

४५ **पाइप खरीद** - स्थानीय सरकार सञ्चलन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन। माग र आवश्यक्ताको आधारमा मात्र खरीद गर्नुपर्नेमा सोको आधार वेगर देहाय बमोजिम रू. १७५९६५४।- को पाइप खरीद गरेको छ। वितरित पाइपको जडान भई लक्षितवर्गले प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ ।

| गो.भौ.नं./मिति | भुक्तानी प्राप्त गर्नेको नाम | वितरण | परिमाण | रकम |
|---|---|---|---|---|
| ७१।२०८०-०२-२५ | पूर्णिमा हार्डवेयर एण्ड बिजुली भणडार | एच.डि.पि.इ.पाइप २० एम.एम. | १०१४ मिटर | ९५९९८ |
| | | एच.डि.पि.इ.पाइप २५ एम.एम. | | |
| | | | ३०० मिटर | |
| १३५।२०८०-०३-२० | दोगडा शक्ती ट्रेड सप्लायर्स | एच.डि.पि.इ.पाइप २० एम.एम.\पि.एन.१० | २४१४ मि. | |
| | | एच.डि.पि.इ.पाइप २५ एम.एम.\पि.एन.१० | | |
| | | एच.डि.पि.इ.पाइप ३२ एम.एम.\पि.एन.१० | ५५५२ | ७९३०५७ |
| | | | १६१० | |
| १४१।२०८०-०३-२१ | जय लक्ष्मी इन्टरप्राइजेज पाईप खरिद | एच.डि.पि.इ.पाइप २० एम.एम.\पि.एन.१० | ७२३७ मि. | ८७०५९९ |
| | | एच.डि.पि.इ.पाइप २५ एम.एम.\पि.एन.१० | | |
| ६१६।२०८०-०३-२१ | | एच.डि.पि.इ.पाइप ३२ एम.एम.\पि.एन.१० | ३७४६ | |
| | | एच.डि.पि.इ.पाइप ४० एम.एम.पि.एन.१० | | |
| | | | ९०० | |
| | | | ३०० | |
| जम्मा | | | | १७५९६५४ |

४६ **संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण** - नगरपालिकामा कर्मचारीको आवश्यकता थप गर्नुपर्ने तथा घटउनु पर्ने भएमा मात्र संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्दछ। नगरपालिकामा कार्यरत कर्मचारीको पद दर्ता नभएको अवस्थामा संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्न मिल्ने देखिँदैन। साथै सँगठन सँरचना तथा व्यवस्थापन सर्वेक्षण कार्यको लागि कानूनी कार्यविधि तर्जुमा गरे वेगर कार्यलय बाहिरबाट परामर्शदातालाई

गो.भौ.नं. ४५४।२०८०।२।१ मा हुनैनाथ कन्सल्टिँग प्रालिलाई रू.२१७०७५।- पेश्की दिएको छ। नगरपालिकामा कति संख्यामा कर्मचारी र कुन पदको कर्मचारी आवश्यक रहेको छ प्रष्ट नभई एवँ कार्यविधि वेगर नै संगठन तथा व्यवस्थापन सर्वेक्षणकार्यका लागि भनी बाह्य परामर्शलाई पेश्की दिएको नियमसम्मत नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रू.

| अनियमित भएको | २,१७,०७५ |
|---|---|

४७ **ठेक्का बन्दोबस्त -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवम् कार्यक्रम सुचारू रूपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ। पालिकाबाट देहायको ठेक्का बन्दोबस्त भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् —

| ठेक्का नं./निर्माण व्यवसायीको नाम<br>निर्माण कार्य | लागत अनुमान<br>सम्झौता रकम<br>यस बर्षको भुक्तानी रकम | सम्झौता मिति | शुरू सम्पन्न गर्नुपर्ने मिति<br>म्याद थप पश्चात सम्पन्न गर्नुपर्ने मिति | कार्यसम्पादन जमानत रकम | कार्यसम्पादन जमानतको म्याद<br>मयाद थप पश्चात हुनुपर्ने कार्यसम्पादन जमानतको म्याद |
|---|---|---|---|---|---|
| ०४/K.W.R./W/ २०७९/८०<br>शुक्र कमाली निर्माण सेवा<br>कान्तिपुर वडा कार्यालय सडक निर्माण | २५००५५१<br>२२१२७६०<br>१९२३६१४ | २०७९-१०-०६ | २०८०-०१-३०<br>सम्पन्न | ११०६३८ | २०८१-०२-३०<br>- |
| ०३/N.C.B./L.T.R./ २०७९/८०<br>गणेश निर्माण सेवा<br>लामालेक थ्वा सडक निर्माण योजना | ३७५०५०६<br>२४६१०५९<br>१९४७३३८ | २०७९-०९-२५ | २०८०-०१-३०<br>२०८०-०७-३० | ४४०००० | २०८१-०३-२१<br>२०८१-०८-३० |
| २०/S.Q/H.S.R./ २०७९/८० | १६४०७६९ | २०८०-०२-२३ | २०८०-०३-१५ | ३४०००० | २०८१-०३-१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| बोगटी एण्ड ब्रोदर्श हरडाखान सिमदोगडा सडक निर्माण योजना | ९८१४१८<br>७१४५३६ | | २०८०-०७-३० | | २०८१-०८-३० |
| ४/N.C.B./M.B.P.B./२०७८/०७९<br>न्यू श्रीकेदार ट्रेडर्स एण्ड सप्लायर्सको<br>**मेलौली भगवती परिसर फोहरमैला व्यवस्थापन फेज १** | ११८६८०००<br>७०६६०००<br>६३४८००० | २०७८-०८-२८ | २०८०-०३-१५<br>२०८०-०३-२० | १८६५००० | २०८०-०८-२८<br>२०८१-०४-२० |
| ९/N.C.B./M.B.P.B./२०७९/०८०<br>न्यू अखिल निर्माण सेवा<br>**मेलौली भगवती परिसर फोहरमैला व्यवस्थापन वडा नं.१** | ४८०९०००<br>२५२४०००<br>१०६२००० | २०७९-१२-१२ | २०८०-०३-१५<br>२०८०-०७-३० | ८६०००० | २०८१-०४-१५<br>२०८१-०८-३० |
| ११/N.C.B./W.O.B./२०७८/७९<br>न्यु जगदम्बा निर्माण सेवा वडा नं.०६ वडा कार्यालय भवन निर्माण | ६४८३७७९<br>४०६६३३८<br>१८९६४८८ | २०७९-०८-०१ | २०८०-०३-१५<br>२०८०-०३-२० | ७२३००० | २०८१-०४-२०<br>२०८१-०४-२० |

**म्याद थप —** सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० तथा सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र काबु वाहिरको परिस्थिति उत्पन्न भई ठेक्काको काममा ढिलाई भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ। तर पालिकाले स्थानीय खरिद कानुन नबनाएको अवस्थामा उक्त निर्माण कार्यहरूको काबु बाहिरको परिस्थितीको मुल्याङ्कन बिश्लेषण बेगर मिति २०७०-०३-२८ को कार्यपालिकाको निर्णयले मिति २०८०-०३-२० र २०८०-०७-३० सम्म अवधि थप गर्ने निर्णय गरेको पाईयो। पालिकाले उचित मुल्याङ्कन बिश्लेषण गरेरमात्र आवश्यकता अनुसार खरिद सम्झौताको अवधि थप गर्नुपर्दछ।

**कार्यसम्पादन जमानतको अवधि -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन

दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। तर कार्यालयले गराएको उक्त निर्माण कार्यकोहरूको कार्यसम्पादन जमानीको मान्य अवधि म्याद थप पश्चातको मितिले १३ महिनासम्म हुनुपर्नेमा तालिका अनुसार घटी अवधिकोसम्म रहेको देखियो। अत निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनु पर्दछ।

**विमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रू.२० लाख रूपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ। कार्यालयले उक्त निर्माण कार्यहरूको खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छैन । खरिद सम्झौताको शर्तमा बीमाको प्रावधान अनिवार्य गर्दै भविश्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ। तर पालिकाले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ। अतः निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ।

---

४८ **रीतपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहाय बमोजिम रीत पूर्कको कर बीजक जारी नगरी रू.२७२९६३६।- को भुक्तानी गरेको छ। तोकए बमोजिमको विजक जारी भएको अवस्थामा मात्र भुक्तानी दिनुपर्दछ।

| गो.भौ.नं./ मिति | भुक्तानी प्राप्त गर्नेको नाम | निर्माण कार्य | बिजक नं. ।मिति | मू.अ.कर रकम | ७०% मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १७३।२ ०८०-०३-२४ | गंगेश्वर वेताल निर्माण सेवा प्रा.लि. | पिजास मन्दिर मेल्लेख खण्ड सडक निर्माण | ०८।२ ०८०-०३-२४ | ७५३७२ | ५२७६१ | बिजक नं. हातले लेखेको । |
| २।२०७९-०६-११ | न्यु जगदम्बा निर्माण सेवा | वडा कार्यालय भवन निर्माण | ०१।२ ०७९-०६-११ | १४६५०० | १०२५५० | बिजक नं. केरमेट गरी हातले लेखेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१।२०८०-०३-०१ | प्रमोद कन्स्ट्रक्सन एण्ड सप्लायर्स | तोल्या धनखोला सडक निर्माण उ.स. | २१।२०८०-०३-०१ | ९२१५७ | ६४५०९ | बिजक नं. हातले लेखेको |
| | | | जम्मा | ३१४०२९ | २१९८२० | |

४९ **रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ। त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिक,२०७४ को नियम ३.१ मा पूँजिगत शिर्षको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस बर्ष पालिकाले शिर्षकगत रूपमा एकमुष्ठ रू.६५ लाख ४४ हजार रकमान्तर गरेको छ। यसले गर्दा कुन शिर्षकबाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन। कानुनमा भएको व्यवस्थाको परिपालना गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५० **मणीलेक क्याम्पस भवन निर्माण कार्य -** कार्यालयले ठे.नं. १०/N.C.B./२०७८/०७९ मणीलेक क्याम्पस भवन निर्माण को लागत अनुमान रू.१ करोड १९ लाख ७१ हजार रहेकोमा विद्युतिय बोलपत्र आव्हान गरेकोमा न्यूनतम कबोल गर्ने निर्माण व्यवसायी न्यू श्रीकेदार ट्रेडर्स एण्ड सप्लायर्सको कबोल अङ्क रू.६६ लाख ६४ हजार स्वीकृत गरि शुरू म्याद २०७९-१२-१५ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७८-०८-२८ मा सम्झौता गरि हाल सम्म रू.६९ लाख २ हजार को कार्यसम्पन्न गराई यसवर्ष रू.३४ लाख ४६ हजार भुक्तानी गरेकोमा देहायका व्यहोराहरू देखिएका छन।

**निर्माण कार्यको अवधि थप —** सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भई ठेक्काको काममा ढिलाई भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ । तर पालिकाले स्थानीय खरिद कानुन नबनाएको अवस्थामा काबु बाहिरको परिस्थिती अवस्था मुल्याङ्कन बिश्लेषण बेगर शुरू कार्य सम्पन्न गर्नुपर्ने मिति २०७९-१२-१५ रहेकोमा निर्माण व्यवसायीले निवेदन नदिई मिति २०७९-०६-०६ को कार्यपालिकाको निर्णयले मिति २०८०-०७-३० सम्म म्याद थप गर्ने निर्णय गरेको पाईयो ।पालिकाले उचित मुल्याङ्कन बिश्लेषण गरेरमात्र आवश्यकता अनुसार खरिद सम्झौताको अवधि थप गर्नु पर्दछ ।

**भेरिएसन —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । उक्त निर्माण कार्यमा प्राविधिक राय अनुसार शुरू लागत अनुमान अनुसार BOQ को Brick Work १:६ को परिमाण १ घन.मि. घटेको र Brick Work १:४ को परिमाण ३५ घन मि. बढेको आधारमा सुरू सम्झौता रकमको ६.७ प्रतिशतले भेरिएसन आदेश जारी गरेको छ । कार्यालयको मिति २०७९-०२-२९ को निर्णयवाट भेरीएसन आदेश जारी यसबर्ष गो.भौ.नं.५६।२०८०-०३-२४ बाट रू.२३८०२६ भुक्तानी गरेको छ । लागत अनुमान तयार गर्दा

पूर्वानुमान गर्न सकिने विषयमा समेत परिमाण थप गरेको गर्नुपर्ने कामको परीमाणनै समावेश नगरेकोले लागत अनुमान यथार्थपरक देखिएन । यसमा सुधार हुनुपर्दछ ।

**रीतपूर्वकको कर बिजक नभएको** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रीत पूर्कको कर वीजक बेगर उक्त निर्माण कार्यको गो.भौ.नं. १५।२०७९-०८-२८ बाट बिजक नं. ४।२०७९-०८-२८, (बिजक मिति र रकम केरमेट) भ्याट बाहेकको रू.२७३६२५३।- मा ३०% मू.अ.कर. रू.१०६७१४।- कट्टा गरी भुक्तानी दिएकोमा ७०% मू.अ.कर रू.२४८९९९।- रकमको कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ।

**कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले गराएको उक्त निर्माण कार्यको कार्यसम्पादन जमानी रू.१८९७०००।-, एन.सि.सि. बैंक NCC20/BTD/150/2021 को मान्य अवधि म्याद थप पश्चात मिति २०८१-०८-३० सम्म हुनुपर्नेमा मिति २०८०-०८-२३ सम्म रहेको देखियो । अत निर्माणकार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप गरिनुपर्दछ ।

५१ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ।कार्यालयले विभिन्न ब.उ.शि.नं. तपशिल बमोजिमको खरिद सोझै खरिद विधिबाट गरेको छ। कार्यालयले यसवर्ष पूँजीगत वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रू.१२३१६९०।- को सोझै खरिद नियमसम्मत देखिएको छैन।

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | निर्माण कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| १७३।२०८०-०३-२४ | गंगेश्वर वेताल निर्माण सेवा प्रा.लि. | पिजास मन्दिर मेल्लेख खण्ड सडक निर्माण | ६५५१६४ |
| १७८।२०८०-०३-२४ | गंगेश्वर निर्माण सेवा | हरडाखान सिमदोगडा सडक मर्मत | ५७६५२६ |
| | | जम्मा | १२३१६९० |

५२ **फोटोकपी बिजक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेखु

पर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानी गर्दा सक्कल बिजक श्रेस्ता साथ संलग्न नभएकाले सक्कल बिजक पेश गर्नुपर्दछ।

